वितरणपूर्व जाँच

सत्य तथा न्यायका संयन्त्रहरू
नेपालमा जवाफदेहीता र दिगो शान्ति तथा लोकतन्त्र सुनिश्चित गर्ने

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त
लुइस आर्वरद्वारा
काठमाडौं, सोमबार २०६३ माघ ८

उद्घाटन सम्बोधन – हिमाल साउथएसियन म्यागजिन तथा द इन्टरनेशनल डेभेलपमण्ट रिसर्च सेण्टर (आइडीआरसी) द्वारा आयोजित "जवाफदेहीतालाई उत्खनन गर्ने : दक्षिण एसियामा सङ्क्रमणकालीन न्यायसम्बन्धी सम्मेलन",

काठमाडौं, २०६३ माघ ८–११

महिला तथा सज्जनवृन्द

मलाई आज यहाँ बोल्न निम्त्याएकोमा, म यस सम्मेलनका आयोजक हिमाल साउथएसियन म्यागजिन तथा द इन्टरनेशनल डेभेलपमण्ट रिसर्च सेण्टर एवं सह–आयोजक संस्था इन्टरनेशनल सेण्टर फर ट्रान्जिशनल जस्टिसप्रति म आभारी छु ।

सन् २००५ जनवरीमा मैले पछिल्लोपटक नेपालको भ्रमण गरेयता, नेपाली जनताले उल्लेखनीय राजनीतिक परिवर्तन हासिल गरेका छन् जसलाई अब टिकाउ शान्ति, सामाजिक न्याय र लोकतन्त्रमा एकीकृत गर्नुपरेको छ । त्यस्तो भावी लक्ष्यको दिगोपनको लागि विगतमा भएका अन्यायको जवाफदेहीता तथा तिनको पुनरुक्ति हुन नदिन सार्वजनिक संस्थाहरूको निर्माणको आवश्यकताको पहिचानका लागि गम्भीर ध्यान दिन आवश्यक छ ।

जवाफदेहीतासम्बन्धी मुद्दाहरू सम्बोधन गर्ने प्रयासहरूले प्रायः उल्लेखनीय राजनीतिक तथा प्राविधिक चुनौतीहरू खडा गर्दछन् तथा प्रमुख पात्रहरूको तर्फबाट प्रतिरोधको सामना गर्नुपर्ने हुन पनि सक्छ । त्यसर्थ, विगतका कुराहरूलाई त्यत्तिकै छोड्ने प्रलोभन महान् हुनसक्दछ । तर, अन्तर्राष्ट्रिय अनुभवले गम्भीर पाठ सिकाएको छ र यी पाठहरूलाई - "छानीछानी बिर्सने प्रवृत्ति" का सम्भाव्य जोखिमहरूले प्राप्त लोकतान्त्रिक उपलब्धिहरूलाई गम्भीर रूपले खतरा पुऱ्याउन वा शान्तिको दिगोपनलाई गहिरो ढङ्गले सङ्कटमा पुऱ्याउनसक्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

सापेक्षिक रूपले एउटा नयाँ विषय भए तापनि, सङ्क्रमणकालीन न्यायले विभिन्न औजारको विकास गरेको छ जसले आफ्नो पारदर्शीता, पीडितमाथि केन्द्रित भएको आफ्नो ध्यान र व्यापक सहभागिताबारे आफ्नो जोडमा वास्तवमा शान्ति दिगो हुन्छ भन्ने सुनिश्चित गर्नमा सहयोग गर्नसक्छ । यी औजारमा सत्यको खोजी गर्ने संयन्त्रहरू, मानवअधिकार उल्लङ्घनकर्ताहरूको लक्षित अभियोजन, जाँच प्रक्रिया, संस्थागत सुधार तथा पीडितका लागि हर्जाना कार्यक्रमहरू पर्दछन् ।

यही पदावलीले जनाएझैं सङ्क्रमणकालीन न्याय संयन्त्रहरू हुकुमी शासनबाट लोकतन्त्रतर्फ र/वा सशस्त्र द्वन्द्वबाट शान्तितर्फको सङ्क्रमण अनुभव गरिरहेका राष्ट्रिय सन्दर्भहरूमा प्रयोग गरिन्छन् । प्रायः यस्ता सङ्क्रमणकालमा समाजहरूमा आफूले सेवा गरेका नागरिकहरूका लागि न्याय गर्ने सशक्त, स्वतन्त्र र

निष्पक्ष संस्थाहरूको अभाव हुन्छ । त्यसैले, धेरै देशले, आवश्यक आवश्यकता अनुसार अन्तर्राष्ट्रि सहयोग तथा विशेषज्ञताको उपयोग गरेर, उल्लङ्घनहरूको ऐतिहासिक अभिलेख सिर्जना गर्न, अभियोजनमार्फत् दण्डहीनताको सम्बोधन गर्न, पीडितहरूलाई हर्जाना उपलब्ध गराउन, हिंसात्मक घटनाहरूको पुनरावृत्ति हुन न सक्ने गरी प्रतिरक्षा गर्न र अन्ततः अक्सर गहिरो जरा गाडेर रहेका असमानताहरूको सम्बोधन गर्न तथा सबै मानवअधिकारको संरक्षण गर्न आवश्यक संस्थागत सुधार प्रचलनमा ल्याउन सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको प्रयोग गरेका छन् ।

नेपालमा, विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्ने पक्षहरूले विगतलाई सम्बोधन गर्ने आवश्यकता स्पष्ट बुझेको र यो उद्देश्यका लागि शान्ति सम्झौतामा जवाफदेहीताको पक्ष लिंदै कतिपय महत्वपूर्ण प्रावधानहरू, विशेषतः सत्यको खोजी गर्ने र पीडितलाई हर्जाना दिने सम्बन्धमा, समावेश गरेकोमा म कृतज्ञ छु [1] । यस सन्दर्भमा, आज म नेपालसँग अत्यन्त सम्बन्धित तीन प्रसङ्गलाई सम्बोधन गर्दैछु : यी हुन, सत्य खुलाउने हर्जाना र अभियोजन । यी प्रथम दुईवटालाई शान्ति सम्झौतामा स्वीकार गरिएको भए पनि, तेस्रोलाई स्वीकार गरिएको छैन, तर यो पनि उत्तिकै अत्यावश्यक छ ।

शान्ति सम्झौताले मानवअधिकार उल्लङ्घनबारे सत्य पत्ता लगाउन तथा राष्ट्रिय मेलमिलापका लागि अनुकूल अवस्था सिर्जना गर्न एक सत्य तथा मेलमिलाप आयोगको स्थापनाको व्यवस्था गरेको छ । दक्षिण एसियामा लगायत अन्य सङ्क्रमणकालीन सन्दर्भबाट सिकेका पाठहरूले यस्ता आयोगलाई पूर्ण रूपले प्रभावकारी हुन त्यसको स्थापना सँगसँगै द्विविधाहीन राजनीतिक समर्थन हुनुपर्दछ भन्ने जनाउँछ । त्यस्तो राजनीतिक इच्छा सत्यको अवधारणागत खोजी प्रक्रिया हुन दिनेमात्र भन्दा टाढा जानुपर्दछ र यसमा आयोगका निष्कर्षहरूमा आधारित व्यक्तिहरूको फौजदारी अभियोजनसँग सम्बन्धित लगायत त्यसबाट आउने सिफारिसहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग समावेश हुनुपर्दछ ।

यसको अर्थ,सत्य आयोग अभियोजनहरूको प्रतिस्थापन होइन । यी दुइटाले एकअर्कालाई पूरा र प्रबल गर्दछन् । त्यसैले, न्यायिकेत्तर सत्य आयोगका निषकर्षहरूले मानवअधिकार उल्लङ्घनकर्ताहरूको छानबिन र अभियोजन गर्ने न्यायिक पहलहरूलाई सहयोग गर्दछन् । उदाहरणका लागि, पेरुमा स्थानीय सत्य तथा मेलमिलाप आयोगले ४७ वटा राम्रोसँग अभिलिखित गरिएका मानवअधिकारसम्बन्धी छानबिनहरू न्यायपालिकालाई बुझायो र आयोगका सिफारिसहरूको आधारमा एउटा विशिष्टीकृत मानवअधिकार अभियोजन प्रणाली स्थापना गरियो । आज, पेरुभेली न्यायपालिकाद्वारा जम्मा ५१६ वटा मानवअधिकारसम्बन्धी मुद्दा हेरिँदैछ [2] ।

मल्लिक आयोगजस्ता सत्यको खोजी गर्ने पहिलेका आयोगहरूको सीमित प्रभावबाट नेपालीहरू निराश भएका छन् र यसका पक्के पनि कारणहरू छन् । आज नेपालमा स्थापना हुन गइरहेको कुनै सत्य आयोगको इमानदारीलाई यसपटक सुनिश्चित गर्न यो सन्दर्भलाई दह्रोसँग मनमा राखिनुपर्दछ । यो प्रक्रियालाई हतारमा अगाडि नबढाउन बरु सबै तहका पीडित समूह र मानवअधिकार गैससहरूलगायत व्यापक क्षेत्रहरूसँग पूर्ण रूपले परामर्श गरियोस् र सत्य कुरा भन्ने भावी प्रक्रियाको रूपरेखा र जोडको आकार तयार गर्न सहभागी हुन सकून् भन्ने सुनिश्चित गर्न अति आवश्यक छ ।

पारदर्शिताको यो आवश्यकता विशेषतः साँच्चै नै स्वतन्त्र आयुक्तहरू, जो यो देशका पुरुष र महिला मिलेर बनेका विविध जनजाति, क्षेत्रीय र पेशागत समूहहरूका प्रतिनिधि हुन, को छनोट गर्ने माध्यममा लागु हुन्छ । सत्य आयोगहरू स्थापना गर्दा र अन्य देशहरूले स्वतन्त्र छनौट प्यानलहरूको प्रभावकारी रूपले प्रयोग गरेका छन्, जसले सर्वसाधारणबाट मनोनयन प्राप्त गरेका छन् ।

सत्य आयोगको प्रक्रियाले नेपालभरि व्यापक परामर्शमार्फत् आफूमा पारदर्शिता र समावेशीका गुणहरू राखी राष्ट्रको विश्वास जित्नुपर्दछ ।

---

[1] Truth-seeking provisions in the Comprehensive Peace Accord (CPA): 5.2.3., 5.2.5. 7.3.2 and 8.4.
Reparations provisions in the CPA: 5.2.4., 7.1.3. and 7.5.3.

[2] *Balance de las Acciones del Estado en la Implementacion de las Recomendaciones del Informe Final de la Comision de la Verdad y Reconciliacion*, Coordinadora Nacional de Derechos Humanos, Peru, August 2006.

महिला तथा सज्जनवृन्द,

शान्ति सम्झौताले हर्जाना प्राप्त गर्ने पीडितहरूको अधिकारलाई पनि सम्बोधन गर्दछ । नेपालमा, मेरो कार्यालयले हर्जानाका अन्य रूपहरू, जुन निश्चित अवस्थामा अझ "सुहाउँदो" हुनसक्छन् तिनको मूल्यमा मानवअधिकारका पीडितले आर्थिक क्षतिपूर्ति खोज्ने प्रवृत्तिको उल्लेख गरेको छ । आर्थिक क्षतिपूर्ति प्रायः प्रभावकारी उपचारको उपयुक्त अवयव हुने भए पनि यसले मात्र पूर्ण जवाफदेहीता र पीडकहरूको अभियोजनलाई प्रतिस्थापन, वा हर्जानाका अन्य रूपहरूलाई बाहिऱ्याउन सक्दैन । उल्लङ्घनहरूलाई वस्तुको रूपमा हेरिनु हुँदैन जसलाई पीडकले वा राज्यद्वारा किन्न सकियोस् ।

*उपचार र हर्जानाको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त तथा मार्गनिर्देशनहरूले* सम्पत्तिको पुनःप्राप्ति, पुनर्स्थापना, सन्तुष्टि, पुनरुक्ति नहुने प्रत्याभूति र क्षतिपूर्तिमार्फत् हर्जाना उपलब्ध गराउन सकिन्छ भन्ने जनाउँछ । साङ्केतिक हर्जानाले पीडितहरूलाई पीडितको रूपमा मात्र नभएर सामान्यतया नागरिक र अधिकारबाहकको रूपमा मान्यता दिनसक्ने भएकाले ती महत्वपूर्ण छन् । व्यक्तिगत तथा सामूहिक दुवै रूपमा उपलब्ध गराइएका भौतिक वस्तुदेखि साङ्केतिकसम्मका विभिन्न लाभहरू प्रदान गर्ने हर्जाना कार्यक्रम बृहत् क्षेत्रमा पुग्ने र अझ बढी व्यापक हुने सम्भावना हुन्छ ।

मानव उल्लङ्घनकर्ताहरूको अभियोजन - सङ्क्रमणकालीन न्यायको तेस्रो क्षेत्र - प्रायः सत्य आयोगका तार्किक परिणाम र शान्ति सम्झौतामा स्पष्ट रूपले खुलाइएका भए पनि नभए पनि अन्तर्राष्ट्रिय कानुनअन्तर्गत राज्यका दायित्व हुन । केही नेपाली मानवअधिकार गैसस द्वन्द्वसँग  सम्बन्धित मानवअधिकार उल्लङ्घनहरूमा शुन्य विश्वास भएको प्रतिवेदन गरिरहेका छन् र तथाकथित "ठिमाहा अदालत"को आह्वान गरिरहेका छन्, जसले नेपाली र अन्तर्राष्ट्रिय न्यायाधीशहरू तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिश्रित कानुनको प्रयोग गर्नेछन् । यस्तो पहल नभएमा घरेलु अभियोजनका लागि अन्तर्राष्ट्रिय सहयोगबारे निश्चित रूपमा विचार गर्नसकिन्छ । यसैबीच, मेरो कार्यालयलगायत मानवअधिकार समुदायले विद्यमान अनुसन्धानात्मक, अभियोजनात्मक र न्यायिक संरचनाहरूबाट प्रभावकारी छानबिन र अभियोजनका लागि सहयोग तथा त्यसको वकालतिलाई जारी राख्नुपर्दछ ।

यी सबै मुद्दामा, नागरिक समाज, विशेषतः महिला समूह र मानवअधिकार गैससहरू, चालक शक्ति हुनसक्ने संभावना हुन्छ । गैरसरकारी सङ्गठनहरूले व्यापक मानवअधिकार छानबिनहरू गरिसकेका छन् र तिनले पीडित व्यक्तिलगायत स्थानीय समुदायहरूमा महत्वपूर्ण पहुँच प्रदान गर्न सक्छन् । त्यसैले, सङ्क्रमणकालीन न्यायसम्बन्धी कुनै पनि पहल नागरिक समाजका समूहहरूको पूर्ण सहभागितामा निर्माण र सञ्चालन गरिनु अति आवश्यक छ । मेरो भ्रमणका क्रममा, मैले नेपालमा मानवअधिकार समूह र पीडितका सङ्गठनहरूले सङ्क्रमणकालीन न्यायका प्रक्रियाहरूलाई प्रभावकारी ढङ्गले सहयोग गर्न कसरी छिटो क्षमताको विकास गरिरहेका छन् भन्ने सुनेकी छु । अन्य सङ्क्रमणकालीन सन्दर्भहरूबाट प्राप्त अनुभवका आधारमा आधिकारिक नीतिनिर्माताहरूबाट उपेक्षित हुने कम सम्भावना भएका यी मुद्दाबारे सञ्जाल तथा गठबन्धन बनाएर आफ्ना प्रयासहरूको यी मुद्दामाथि परेको प्रभावलाई थप मजबुत बनाउन म तपाईंहरूलाई प्रोत्साहन गर्दछु ।

आवश्यक परे र उपयुक्त भएमा यी सबै प्रयासलाई अन्तर्राष्ट्रिय समुदायबाट सहयोग गर्न सकिन्छ । मेरो कार्यालयलगायत संयुक्त राष्ट्रसङ्घलाई विविध सामाजिक, आर्थिक र साँस्कृतिक सन्दर्भहरूलाई समेटेका धेरै देशका सङ्क्रमणकालीन न्याय सन्दर्भहरूबाट व्यापक अनुभव छ । त्यस्तै, *सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र* जस्ता विशेषीकृत अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरूले विश्वभरका सङ्क्रमणकालीन न्याय संयन्त्रहरूलाई दिएको आफ्नो व्यापक सहयोगमार्फत् विशेषज्ञताको विकास गरेका छन् । विशेषज्ञताको यो भण्डार अनुरोध गरिएमा नेपालका जनतालाई उपलब्ध हुन्छ । तर, यस्ता प्रक्रियाहरूको प्रयोगबारे निर्णय गर्नुभन्दा पहिले विगताका अनुभवबाट सिकेका धेरै पाठलाई अधिकारीहरू, नागरिक समाज र अन्य समूहहरूद्वारा होशियारीपूर्वक विचार गरिनुपर्दछ ।

सबैभन्दा महत्वपूर्ण कुरा, कुनै पनि एउटै नाप सबैलाई ठीक हुँदैन : द्वन्द्वबाट शान्तितर्फको हरेक सङ्क्रमण आफ्नै खालको हुन्छ र यसले धेरै परिमार्जित तथा सन्दर्भ-विशेष न्यायिक तथा गैरन्यायिक उपायहरूका लागि आह्वान गर्दछ । माथि जोड दिइसकिए झैं, सङ्क्रमणकालीन न्याय संयन्त्रहरू व्यापक राष्ट्रिय सोच तथा पीडितकका समूहहरूलगायत विविध क्षेत्रहरूसँगका बृहत् परामर्शमा आधारित हुनुपर्दछ । सो प्रयासका

लागि आमजनताबाट सहयोग अति आवश्यक हुन्छ । यसले केही समय लिन सक्छ, तर सङ्क्रमणकालीन न्यायका प्रक्रियाहरू कहिल्यै पनि हतारमा अगाडि बढाइनु हुँदैन ।

दोस्रो, समयको सवाललाई विचार गर्नुपर्दछ । नेपालमा निर्वाचन, राजनीतिक सुधार र हतियार व्यवस्थापन जस्ता अन्य प्रक्रियाहरू एकैसाथ भइरहेका छन् र यसले अनुक्रमको मुद्दालाई उठाएको छ । न्याय र शान्ति अन्तरविरोधी शक्ति होइनन्, तर द्वन्द्वोत्तर कालको कमजोर राजनीतिक वातावरणमा सत्य र न्यायको खोजी गर्ने प्रक्रियाहरूले खतरा पुऱ्याउने सँधै डर रहन्छ । यो सरोकारलाई सम्बोधन गरिए पनि, आफ्नै जिम्मेवारीको सामना गर्नबाट पन्छिन, न्यायलाई द्वन्द्व पुनः सुरु गर्न धम्क्याउनेहरूको स्वार्थको बन्धक बनाइनु हुँदैन ।

महिला तथा सज्जनवृन्द

यहाँ छलफल गरिएका सङ्क्रमणकालीन न्याय संयन्त्रहरू तपाईंहरूले जसरी प्रयोग गर्ने निर्णय गरे पनि मेरो कार्यालय अन्य सङ्क्रमणकालीन सन्दर्भहरूबाट प्राप्त तुलनात्मक जानकारी उपलब्ध गराउन र नेपालमा दिगो शान्तितर्फको प्रभावकारी सङ्क्रमणलाई सहयोग गर्दै न्याय र सत्यको खोजी गर्ने प्रक्रियाहरूको सबैभन्दा उपयुक्त रूपरेखाबारे जानकार निर्णयहरू गर्न नागरिक समाज र राष्ट्रिय अधिकारीहरूको क्षमता निर्माण गर्न तयार छ । पीडित-केन्द्रित र परम्परागत रूपले सीमान्तकृत समूहहरूको उच्च समावेशी सङ्क्रमणले नेपालमा सामाजिक परिवर्तन र लोकतन्त्र प्राप्त गर्न अत्युत्तम मौका दिनेछ ।

धन्यवाद ।